सङ्घीय संसद्

प्रतिनिधि सभा, २०८२

दोस्रो अधिवेशन

बैठक सङ्ख्या- ५७

सूचनापत्र - २

(बैठकको कारबाहीको संक्षिप्त विवरण)

२०८३ साल असोज ०५ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख डोल प्रसाद अर्यालको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरूले जेनजी आन्दोलनमा घाइते भएका युवाहरूलाई न्यायको प्रत्याभूति दिलाई घाइतेहरूको निःशुल्क उपचार गर्नुपर्ने र उचित क्षतिपूर्ति दिनुपर्ने साथै राज्यले पीडितको संरक्षण गरी पीडकलाई कारवाही गर्नुपर्ने, परराष्ट्र मन्त्रालयले बनाएको मापदण्ड विपरीत सरकारले राजदूत नियुक्तिका लागि सिफारिस गरेको, सिरहा नगरपालिकाका-२२ का सन्जिब यादवको करेन्ट लागेर मृत्यु भएको र मधेशमा विद्युतीय घटनाका कारण आ.व २०८२/०८३ मा मात्रै १२६ घटना भएको तथा ५० जनाभन्दा बढीको ज्यान गएकाले सो सम्बन्धमा आवश्यक पहल र सावधानीका लागि सरकारले ध्यान दिनुपर्ने लगायतका समसामयिक विषयमा आआफ्नो भनाइ राख्दै सरकारको ध्यानाकर्षण गराउनुभयोः-

१. मा० प्रकाश पाठक
२. मा० ज्ञान बहादुर शाही
३. मा० शम्भु कुमार यादव

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आआफ्नो भनाइ राख्नुभयोः-

१. मा० अचुत्तम लामिछाने
२. मा० अनुष्का श्रेष्ठ
३. मा० अमृता बि.क.
४. मा० अम्बिका देवी संग्रौला
५. मा० अरबिन्द साह
६. मा० अर्जुन नरसिंह के.सी.
७. मा० अशोक कुमार चौधरी
८. मा० आकृति अवस्थी
९. मा० आनन्द बहादुर चन्द
१०. मा० आरेन राई
११. मा० आशा झा
१२. मा० आशिष गजुरेल
१३. मा० आसिका तामाङ
१४. मा० उत्तम प्रसाद पौडेल
१५. मा० एलिजा गुरुङ
१६. मा० एशुदा कुमारी बराल
१७. मा० कन्हैया बनिया
१८. मा० कमल सुबेदी
१९. मा० करिस्मा कठरिया
२०. मा० कविन्द्र बुर्लाकोटी
२१. मा० कामिनी कुमारी
२२. मा० कुल भक्त शाक्य
२३. मा० कुशुम महर्जन
२४. मा० कृष्ण हरी बुढाथोकी
२५. मा० कोमल ज्ञवाली
२६. मा० क्रान्तिशिखा धिताल
२७. मा० खगेन्द्र सुनार
२८. मा० खिमा वि.क.
२९. मा० खेम राज कोईराला
३०. मा० गणेश कार्की
३१. मा० गणेश धिमाल
३२. मा० गणेश पौडेल
३३. मा० गणेश बहादुर विश्वकर्मा
३४. मा० गोपाल शर्मा
३५. मा० गुरू प्रसाद बराल
३६. मा० गोविन्द पन्थी
३७. मा० गंगा छन्त्याल
३८. मा० गंगादेवी श्रेष्ठ
३९. मा० गंगा लक्ष्मी अवाल
४०. मा० चन्दन कुमार सिंह

यसैबीच मा० गंगादेवी श्रेष्ठले बोली सकेपछि मा० लाल विक्रम थापाले नियमापत्ति गर्नुहुँदै उहाँले बोल्ने क्रममा रा.स्व.पा सभापतिले जेनजी आन्दोलन अगाडि नै सर्वोच्च अदालतमा रहेका फाइलहरू छानी छानी आगो लगाउने आदेश दिएको भन्ने शब्दहरू संसदीय अभिलेखबाट हटाउन माग गर्नुभयो।

तत्पश्चात् माननीय शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले आकस्मिक, शून्य र विशेष समयमा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै रसुवा– भोटेकोशी बाढीबाट प्रभावित बालबालिकाको शिक्षालाई निरन्तरता दिन सरकारले तत्काल अस्थायी सिकाइ केन्द्रदेखि दीर्घकालीन पुनर्निर्माण सम्मका योजना अघि बढाएको, अभिभावक गुमाएका बालबालिकाको शिक्षा सुनिश्चित गर्न मन्त्रालयले निजी क्षेत्रसमेतको साझेदारीमा सुनिश्चित भविष्य छात्रवृत्ति योजना अघि बढाएको, विपद्पछिको आवश्यकता मूल्याङ्कन (पीडिएनए) प्रतिवेदनका आधारमा क्षतिग्रस्त विद्यालयको पुनर्निर्माण योजना तयार गरी कार्यान्वयन गरिने सदनलाई जानकारी गराउनुभयो।

तदुपरान्त माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दीपककुमार साहले आकस्मिक, शून्य र विशेष समयमा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै खाना पकाउने ग्याँस अभावको समस्याप्रति सरकार गम्भीर रहेको, ग्याँस आपूर्ति ुसामान्य बनाउन मन्त्रालयले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिसहित काम गरिरहेको, ग्याँस अभावको मूल कारण पहिचान गर्न मन्त्रालयले फिसबोन डाइग्राम प्रयोग गरेको र आयातमा निर्भरता, मूल्यवृद्धि, भण्डारण तथा रिफिलिङको समस्या, डिलर सेवा केन्द्रहरूको असमान वितरण, कालोबजारी, डिजिटल ट्र्याकिङ प्रणालीको अभाव र अन्तर-निकाय समन्वयको कमी जस्ता विविध कारणहरूले माग र आपूर्तिमा असन्तुलन ल्याएको लगायतका विषयमा सदनलाई जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको बेहोरा पढेर सुनाउनुभयोः-

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहायका विधेयकको सक्कलै १(एक) प्रति यसै पत्रसाथ संलग्न गरी पठाइएको बेहोरा अनुरोध छ ।

देहाय

ऐन नं.	विधेयकको नाम	प्रमाणीकरण भएको मिति
११	नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक, २०८३	२०८३/०५/३१

मितिः २०८३/०५/३१

(माहादेव पन्थ)
सचिव

तत्पश्चात् सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १८० बमोजिम निम्नलिखित **"हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोशी - त्रिशुली विपद्सम्बन्धी संसदीय विशेष समिति**" गठनसम्वन्धी निम्नलिखित प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाले सर्वसम्मतिले सहमति जनायोः-

१. पृष्ठभूमि तथा औचित्य

भोटेकोशी– त्रिशुली नदी प्रणालीमा आएको विनाशकारी विपद्ले प्रभावित क्षेत्रका नागरिकको जीवन, आवास, पूर्वाधार, ऊर्जा, यातायात, व्यापार, कृषि तथा जीविकोपार्जनमा गम्भीर असर मात्र होइन त्रिसुली सभ्यता नै तहस नहस बनाएको छ। यसको प्रभाव विपद् प्रभावित बस्तीमा मात्र सीमित नरही आपूर्ति शृङ्खला, सार्वजनिक सेवा तथा आर्थिक गतिविधिसम्म फैलिएको छ। यस घटनाले तत्काल खोज, उद्धार र राहतसँगै सुरक्षित पुनर्स्थापना, दिगो पुनर्निर्माण तथा भविष्यका जोखिम न्यूनीकरणलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्ने आवश्यकता देखाएको छ।

हिमाली क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव, हिमनदी तथा हिमतालको अवस्था, हिमाली जलाधारमा हुने परिवर्तन र तल्लो तटीय क्षेत्रको सुरक्षाबीचको सम्बन्ध यस विपद्को अध्ययनसँगै गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्ने विषय हो। घटनाको तत्काल कारण, त्यसलाई तीव्र बनाउने कारक तथा जलवायु परिवर्तनसँगको सम्बन्ध उपलब्ध वैज्ञानिक प्रमाण र विज्ञ अध्ययनका आधारमा पहिचान गरिनुपर्छ। त्यसबाट प्राप्त निष्कर्षलाई पूर्वचेतावनी प्रणाली, बस्ती विकास, पूर्वाधार निर्माण र विपद् पूर्वतयारीमा उपयोग गर्नु आवश्यक छ।

जलवायु न्यायका दृष्टिले कार्बन उत्सर्जनको ऐतिहासिक तथा वर्तमान जिम्मेवारी, जोखिमको असमान वितरण र प्रभावित नागरिकले भोगेको हानि तथा नोक्सानीलाई समेत छलफलको केन्द्रमा राख्नुपर्छ। यसका लागि नेपालले वैज्ञानिक प्रमाणमा आधारित राष्ट्रिय धारणा निर्माण गर्दै जलवायु वित्त, अनुकूलन, प्रविधि तथा अन्तर्राष्ट्रिय सहयोगका विषयमा सशक्त कूटनीतिक पहल गर्न आवश्यक छ।

यही पृष्ठभूमिमा हिमाली क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोशी-त्रिशुली विपद्का विषयमा अध्ययन, नीतिगत सुझाव, अन्तरनिकाय समन्वय र संसदीय अनुगमनका लागि मिति २०८३ आश्विन ५ गते बसेको कार्यव्यवस्था परामर्श समितिको परामर्शमा प्रतिनिधि सभा नियमावली २०८३ को नियम १८० बमोजिम एक संसदीय विशेष समिति गठन गर्न प्रस्ताव गर्दछु।

२. समितिको नाम तथा उद्देश्य :

(क) समितिको नाम "**हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोशी– त्रिशुली विपद्सम्बन्धी संसदीय विशेष समिति**" रहनेछ।

(ख) समितिको उद्देश्य हिमालमा जलवायु परिवर्तनको प्रभाव तथा भोटेकोशी– त्रिशुली विपद्को अध्ययन गरी प्रभावित नागरिकको पुनर्स्थापना, दिगो पुनर्निर्माण, भविष्यको जोखिम न्यूनीकरण, आवश्यक कानुनी तथा संस्थागत सुधार र जलवायु न्यायका लागि राज्यले अवलम्बन गर्नुपर्ने कार्यदिशा सिफारिस गर्नु हुनेछ।

३. समिति गठन तथा संरचना

(क) विषयगत अनुभव, समावेशिता तथा विपद् प्रभावित क्षेत्रको प्रतिनिधित्व समेतका आधारमा निम्नानुसार १५ सदस्य रहेको समिति गठन हुनेछ।

१. मा. अच्युतम लामिछाने
२. मा. अनुष्का श्रेष्ठ
३. मा. गंगादेवी श्रेष्ठ
४. मा. गणेश पराजुली
५. मा. धनञ्जय रेग्मी
६. मा. ध्रुवराज राई
७. मा. निशा डाँगी
८. मा. पुष्पराज कँडेल
९. मा. मोहन आचार्य
१०. मा. मिङ्मा ग्याबु शेर्पा
११. मा. रमेश कुमार मल्ल
१२. मा. रविन्द्र पटेल
१३. मा. सरस्वती लामा
१४. मा. सुजाता तामाङ
१५. मा. सीता थपलिया

(ख) समितिले पहिलो वैठकबाट आफु मध्येबाट एकजना सभापति छनौट गर्नेछ।

४. समितिको कार्यावधि

(क)समितिको कार्यावधि पहिलो बैठक बसेको मितिले तीन महिना हुनेछ।

(ख)निर्धारित अवधिभित्र कार्य सम्पन्न हुन नसक्ने भएमा समितिले सम्पन्न कार्य, बाँकी कार्य, म्याद थप गर्नुपर्ने कारण र आवश्यक थप अवधि खुलाई प्रतिनिधिसभासमक्ष अनुरोध गर्न सक्नेछ र प्रतिनिधिसभाको निर्णय बमोजिम कार्यावधि थप हुनेछ।

५. समितिको कार्यादेश (TOR)

(क) हिमालमा जलवायु परिवर्तनको प्रभावको अध्ययनः जस अन्तर्गत

हिमाली तापक्रम, हिमपात, हिमनदी, हिमताल तथा जलाधारमा भइरहेको परिवर्तन र त्यसबाट उत्पन्न जोखिमसम्बन्धी उपलब्ध अध्ययन तथा तथ्याङ्कको समीक्षा गर्ने। अध्ययन तथा निगरानीमा रहेका कमी पहिचान गरी वैज्ञानिक अनुसन्धान र नियमित अनुगमन सुदृढ गर्ने उपाय सिफारिस गर्ने।

(ख) भोटेकोशी– त्रिशुली विपद्को कारण तथा प्रभावको अध्ययनः जस अन्तर्गत

विपद्को उत्पत्ति, घटनाक्रम, तत्काल कारण र जोखिम तीव्र बनाउने कारकको विज्ञ तथा वैज्ञानिक प्रमाणमा आधारित अध्ययन गर्ने। जलवायु परिवर्तनसँगको सम्भावित सम्बन्ध, सीमापार जलाधारको प्रभाव तथा तल्लो तटीय क्षेत्रमा परेको असरको समीक्षा गर्ने।

(ग) खोज, उद्धार, राहत तथा पुनर्स्थापनाको समीक्षाः जस अन्तर्गत

विपदले प्रभावित जनताको न्यायोचित सम्बोधनका लागि खोज तथा उद्धार, बेपत्ता नागरिकको अवस्था, राहत वितरण, सुरक्षित अस्थायी बसोबास, आधारभूत सेवा र जीविकोपार्जन पुनर्स्थापनाको समीक्षा गर्ने। प्रभावित नागरिकका आवश्यकताका आधारमा तत्काल तथा मध्यमकालीन सुधारका उपाय सिफारिस गर्ने।

(घ) दिगो तथा सुरक्षित पुनर्निर्माणको मार्गचित्रः जस अन्तर्गत

क्षतिग्रस्त आवास, सडक, पुल, ऊर्जा, खानेपानी, सिँचाइ तथा सार्वजनिक पूर्वाधारको पुनर्निर्माणका लागि जोखिम मूल्याङ्कन, सुरक्षित स्थान छनोट, प्राविधिक मापदण्ड, प्राथमिकता, वित्तीय स्रोत र समयसीमासहितको मार्गचित्र सिफारिस गर्ने। कार्यान्वयनको गुणस्तर, पारदर्शिता तथा प्रगतिको अनुगमन गर्ने।

(ङ) विपद् जोखिम न्यूनीकरण तथा पूर्वचेतावनी प्रणालीः जस अन्तर्गत

बहुप्रकोप जोखिम नक्साङ्कन, सुरक्षित बस्ती विकास, संवेदनशील पूर्वाधारको संरक्षण र समुदायको पूर्वतयारीका उपाय सिफारिस गर्ने। हिमताल, नदी, वर्षा तथा पहिरोको निगरानीदेखि समुदायसम्म चेतावनी र सुरक्षित स्थानान्तरणसम्मको प्रणाली सुदृढ गर्ने कार्यढाँचा निर्माण गरि सिफारिस गर्ने।

(च) कार्बन उत्सर्जन, जलवायु न्याय तथा हानि– नोक्सानीः जस अन्तर्गत

कार्बन उत्सर्जनको ऐतिहासिक तथा वर्तमान जिम्मेवारी र नेपालले भोगेको जलवायु जोखिमसम्बन्धी उपलब्ध प्रमाणको समीक्षा गर्ने। प्रभावित नागरिकको हानि तथा नोक्सानी अभिलेखीकरण, जलवायु वित्तमा पहुँच तथा अन्तर्राष्ट्रिय मञ्चमा नेपालको दाबी र धारणा प्रस्तुत गर्ने आधार सिफारिस गर्ने।

(छ) जलवायु कूटनीति तथा सीमापार सहकार्यः जस अन्तर्गत

हिमालय संरक्षण, अनुकूलन, वित्तीय तथा प्राविधिक सहयोग, संयुक्त अनुसन्धान र सीमापार जोखिम सूचना आदानप्रदानका लागि द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय सहकार्य सुदृढ गर्ने उपाय सिफारिस गर्ने।

(ज) कानुनी तथा संस्थागत सुधारः जस अन्तर्गत

विपद् व्यवस्थापन, वातावरण, जलवायु परिवर्तन, भूउपयोग, पूर्वाधार सुरक्षा तथा प्रभावित नागरिकको संरक्षणसँग सम्बन्धित विद्यमान कानुन र कार्यान्वयनको समीक्षा गर्ने। आवश्यक संशोधन वा नयाँ कानुनका लागि आधार, उद्देश्य र प्रस्तावित व्यवस्थासहित विधायिकी पहल सिफारिस गर्ने।

(झ) समन्वय तथा संसदीय अनुगमनः जस अन्तर्गत

तीनै तहका सरकार र सम्बद्ध निकायबीच जिम्मेवारी, स्रोत परिचालन तथा कार्यान्वयनगत समन्वय स्पष्ट गर्ने उपाय सिफारिस गर्ने। विपद् व्यवस्थापन र पुनर्निर्माणसम्बन्धी सरकारी निर्णय, कार्यक्रम, बजेट तथा प्रगतिको संसदीय अनुगमन गर्ने।

६. कार्यपद्धति

(क)समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ।

(ख)सम्बन्धित निकायबाट विवरण प्राप्त गर्ने, विज्ञ तथा पदाधिकारीसँग छलफल गर्ने, प्रभावित नागरिकको सुझाव लिने र आवश्यकताअनुसार स्थलगत अध्ययन गर्नेछ।

(ग) समितिले सरोकारवाला निकाय र संयन्त्रहरुसँग आवश्यक संवाद तथा समन्वय गर्दा समितिको संसदीय स्वायत्तता र जवाफदेहिता कायम राख्नेछ।

७. प्रतिवेदन तथा अपेक्षित उपलब्धिः

(क)समितिले तीन महिनाभित्र अध्ययनका निष्कर्ष, तत्काल सम्बोधन गर्नुपर्ने विषय, दिगो पुनर्निर्माणको मार्गचित्र, कानुनी तथा संस्थागत सुधार र जलवायु न्याय तथा कूटनीतिका प्राथमिकता समेटिएको प्रतिवेदन प्रतिनिधिसभासमक्ष प्रस्तुत गर्नेछ।

(ख)प्रतिवेदनमा सिफारिस कार्यान्वयनका लागि जिम्मेवार निकाय, समयसीमा, आवश्यक स्रोत तथा अनुगमन सूचकसमेत उल्लेख गर्नेछ। यसैगरी तत्काल सम्बोधन गर्नुपर्ने विषयमा अन्तरिम प्रतिवेदन वा अल्पकालीन सिफारिस प्रस्तुत गर्न समेत सक्नेछ।

तदुपरान्त माननीय महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्री सीता वादीले "बालबालिका सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८३ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्ताव गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले "राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनसहित राष्ट्रिय सेवा दल विधेयक, २०८३ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात् उक्त विधेयकमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरूको माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले जवाफ दिनुभयोः-

१. मा० विक्रम थापा
२. मा० गंगा लक्ष्मी अवाल
३. मा० परशुराम तामाङ
४. मा० गणेश बहादुर विश्वकर्मा
५. मा० साजिदा खातुन सिद्धिकी
६. मा० पुष्पा कुमारी चौधरी
७. मा० ज्ञानु पौड्याल
८. मा० गोपाल शर्मा
९. मा० एशुदा कुमारी बराल
१०. मा० धनन्जय रेग्मी
११. मा० भरत गिरी
१२. मा० प्रदीप विष्ट

१३. मा० पुकार बम
१४. मा० शिव शंकर यादव
१५. मा० राजन गौतम
१६. मा० प्रभा कार्की
१७. मा० टुका भद्रा हमाल

त्यसपछि सम्माननीय सभामुखले "राष्ट्रिय सेवा दल विधेयक, २०८३" का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रम संख्या १ देखि १० सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त सम्माननीय सभामुखले "राष्ट्रिय सेवा दल विधेयक, २०८३" का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रम संख्या १ देखि १० सम्म उल्लिखित संशोधनहरूलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात् सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ३० सम्म "राष्ट्रिय सेवा दल विधेयक, २०८३" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुहुँदै निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले "राष्ट्रिय सेवा दल विधेयक, २०८३ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो।

तत्पश्चात् सम्माननीय सभामुखले आजैको बैठकको शून्य समयमा माननीय गंगादेवी श्रेष्ठले बोल्ने क्रममा प्रयोग गर्नुभएको **"जेनजी आन्दोलन अगाडि"** भन्ने शब्ददेखि "**ती फाइलहरूसम्म**" भन्ने वाक्यांश संसदीय अभिलेखबाट हटाउन सचिवालयलाई निर्देश गर्नुभयो।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८३ असोज ६ गते मङ्गलबार दिनको १:०० बजे बस्ने गरी साँझ ४:३० बजे स्थगित भयो।

पद्म प्रसाद पाण्डेय
महासचिव